# घिरिङ गाउँपालिकाको तेश्रो गाउँसभामा

# उपाध्यक्ष श्री सरस्वती घिमिरे,सिग्देलबाट प्रस्तुत

# आर्थिक बर्ष २०७५।७६ को वार्षिक निति तथा कार्यक्रम

घिरिङ गाउँपालिका तनहुँ

४ नं. प्रदेश नेपाल

पोखरीछाप घिरिङ

वि .स. २०७५ साल असार १० गते

# आर्थिक बर्ष २०७५।७६ को

# नीति तथा कार्यक्रम

घिरिङ गाउँपालिका तनहुँ

४ नं. प्रदेश नेपाल

पोखरीछाप घिरिङ

वि .स. २०७५ साल असार १० गते

❖ **<u>अध्यक्ष महोदय,</u>**

- सम्रग घिरिङको विकास र समृद्धिको लागि स्थानीयसरकारको अंगहरु संचालनमा आई संघीय लोकतान्त्रिक गणतन्त्र स्थानीय तहदेखिनै संस्थागत भएको छ । जनमतद्धारा स्थापित भएको गाउँ सभाको तेश्रो अधिवेशनमा स्थानीय सरकारको आर्थिक बर्ष २०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेकोछु ।
- नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलनहरु,जनयुद्ध र मधेश आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहितप्रति सम्मान व्यक्त गर्दछु । वेपत्ता नागरिक प्रति स्मरण गर्दै घाइते र पीडित प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका राष्ट्रिय ,लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।
- संवैधानिक व्यवस्था बमोजिम गठन भएको स्थानीय सरकार जनताको त्याग , बलिदान र लामो संघर्षको उपलब्धी हो । संविधानले अंगीकार गरेको संघीय राज्य प्रणालीलाई कार्यमूलक बनाई जनताको सेवा ,सुरक्षा,समृद्धि र सुखका लागि स्थानिय सरकार पनि प्रतिवद्ध छ । लोकतन्त्रको रक्षा एवं सुदृढीकरण गर्दै यसको सार्थिक प्रयोग गरी संविधानको पूर्ण कार्यान्वयन र संघियताको कुशलताको साथ व्यवस्थापन गर्न स्थानिय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।

- संघीय लोकतान्त्रिक बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली,आवधिक निर्वाचन,शक्ति पृथकीकरणको सिद्धान्त ,स्वतन्त्र ,न्यायपालिका ,बहुलबाद र सामाजिक न्याय सहितको समानुपातिक,समावेशी र सहभागितामूलक

शासन व्यवस्था, मानव अधिकार, मौलिक हक र धर्म निरपेक्षता जस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यताको कार्यान्वयन गरिनेछ । स्थानीय सरकारको अधिकारसूची भित्रका संवैधानिक व्यवस्था र मौलिक हकको क्रमश : कार्यान्वयन गर्दै लगिनेछ ।

- हाम्रो घिरिङगाउँपालिका प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले भरिपूर्ण छ । समाजको उत्पति ,बनोट ,सभ्यता र संस्कृतिको विकास समेत विविधतापूर्ण छ । यी हाम्रा साझा सम्पत्ति हुन् । यो यथार्थतालाई आत्मासात गरी सामाजिक एंव साँस्कृतिक समानता र सहिष्णुता एकताबद्ध,सभ्य समाज निर्माण गर्ने नीति स्थानीय सरकारले लिएको छ ।
- निर्वाचनको क्रममा आम नागरिकसंग सक्षम र प्रभावकारी स्थानीय सरकार निर्माण गर्नका लागि गरिएको प्रतिबद्धता छोटो समयमा नै कार्यान्वयन भैसकेको छ । घिरिङ गाउँपालिकामा सुशासन,विकास र समृद्धिका लागि लोकतान्त्रिक प्रणाली र प्रक्रियाबाट समग्र घिरिङ गाउँपालिका बासीको हितमा उपयोग गरिनेछ ।
- हामी सुशासन ,विकास निर्माण र आर्थिक समृद्धिका लागि सहमतिका साथ अघि बढ्न प्रतिबद्ध रहेका छौ । यो प्रतिवद्धता पूरा गर्न स्थानीय सरकार सबै राजनैतिक दल,निजि क्षेत्र,नागरिक समाज र सञ्चार जगतको साथ एंव सहयोगको लागि आहावन गर्दछौ । हामी निरन्तर रुपमा नागरिकसंग अन्तरसम्वाद गर्दै अधिकार सम्पन्न स्थानीय सरकार र सक्षम घिरिङ गाउँपालिका बनाउन चाहान्छौ ।
- सम्रग घिरिङ गाउँपालिका विकास र समृद्धि हासिल गर्न नागरिक अधिकार ,सबैलाई समान अवसर ,मजबुत सुरक्षा र सम्मान सहितका स्तम्भमा आवद्ध गराउदै सवल र समृद्ध घिरिङ निर्माण गरी “समृद्ध नेपाल ,सुखी नेपाली ”को राष्ट्रिय अभियानलाई अनुभूत र देखिने गरी सार्थक बनाउने छौ ।
- हाम्रो विकास प्रतिको सोचले आर्थिक र सामाजिक क्षेत्रमा रुपान्तरण ल्याउनेछ । दिगो विकासका लक्ष र समृद्धिका आधारलाई पूरा गर्ने विकास

निति ,कानून,संस्था जनशक्ति ,स्रोत र साधन,सहभागिता ,सेवा प्रवाह ,अनुगमन र मूल्यङ्कनका क्षेत्रमा परिवर्तन गरिनेछ । वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्ने तर्फ केन्द्रित हुने नीति तर्जुमा गरिनेछ ।

- सार्वजनिक ,निजी र सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न नवप्रवद्धर्क र प्रगतिशील नीतिको कार्यान्वयनमा जोड दिइनेछ । अर्थतन्त्रलाई उत्पादनमुखी,रोजगारी प्रबद्धर्न ,आत्मनिर्भर र निर्यातमूलक बनाउन स्थानीय सरकारको अर्थतन्त्रको संरचनामा परिवर्तन गरिनेछ । सबै प्रकारका उपलब्ध स्रोत साधनको दिगो व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गरी सबै क्षेत्रका न्यूनता र अभावलाई क्रमश : कम गर्दै लगिनेछ ।
- समाजवाद उन्मुख अर्थव्यवस्थाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि यो नीति तथा कार्यक्रमले मार्गनिर्देश गर्नेछ । आर्थिक विकासमा सहभागी हुने ,योगदान गर्ने प्रतिफल प्राप्त गर्ने अवसर घिरिङ गाउँपालिका भित्रका सबै नागरिकालाई समन्यायिक रुपमा उपलब्ध गराईनेछ ।
- मानव अधिकारको सम्मान एवम् सम्वर्द्धन गरिनेछ । मानव अधिकारसंग सम्बन्धित प्रतिवद्धताको पूर्ण कार्यान्वयन तथा पालना गरिनेछ । दिगो शान्ति,सुशासन,विकास र समृद्धिका जनअपेक्षालाई सम्बोधन गरिनेछ ।
- हाम्रो स्थानीय सरकारले सवल र समृद्ध घिरिङ गाउँपालिका निर्माण गर्नका लागि आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रमले संवैधानिक व्यवस्था,स्थानिय तह अधिकार सूची, नेपालले अन्तराष्ट्रियस्तरमा जनाएको दिगो विकास लक्ष्य ,संघीय नीति र हाम्रो स्थानीय सरकारले आर्थिक वर्ष २०७४।७५ मा लिएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिएकोछ । यो आर्थिक बर्षलाई स्थानीय सरकारको सुदृढ व्यवस्थापनका लागि स्थानीय नीति तथा संरचना निर्माण वर्ष को रुपमा कार्यान्वयन गरिनेछ ।

**अध्यक्ष महोदय,**

**<u>घिरिङ गाउँपालिका तनहुँको दीर्घकालिन नीति तथा कार्यक्रम निम्न अनुसार अवलम्वन गरिनेछ</u>**

- एकिकृत र दीर्घकालीन विकासका लागि आवधिक योजना तर्जुमा एवं कार्यान्वयन गर्ने ।
- सम्रग विकासकालागि कृषि ,पर्यटन ,सडक ,खानेपानी,सिंचाई,लगायतका विषयगत क्षेत्रका गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- गाउँपालिकाको राजश्व क्षमता वृद्धि गर्न राजश्व सम्भाव्यता अध्ययन मार्फत करको दायरालाई बढाउने ।
- सार्वजनिक  सेवा प्रवाहमा जनमूखि प्रशासनको माध्यमबाट सुशासनको प्रत्याभूति दिने ।
- कृषि तथा पशु क्षेत्रलाई व्यवसायीकरण गर्दै रोजगारी तथा आय आर्जनको थप अवसरहरुको श्रृजना गर्ने ।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री तथा बालमैत्री बनाउने ।
- आर्थिक रुपले विपन्न वर्गहरुलाई आधारभूत स्वास्थ्य सेवालाई निशुल्क गराउने ।
- गाउँपालिकको सबै वडाहरु समेटिने गरि चक्रपथको निर्माण गर्ने ।
- गाउँपालिका भित्रका धार्मिक ,सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण सम्वद्धन गर्ने ।
- सबै टोल तथा वस्तीमा विद्युतिकरण तथा स्वच्छ खानेपानी पहुँच पुर्‍याउने ।
- सरसफाई र वातावरण संरक्षणमा अग्रीम भूमिका निर्वाह गर्ने ।
- गाउँपालिकाको सम्रग विकासका लागि भूउपयोग नीति तर्जुमा गरी एकिकृत वस्ती विकास योजना तयार गर्ने ।
- गाउँपालिका भित्रका सार्वजनिक सम्पत्तिहरुको पहिचान गरी संरक्षण गर्ने ।

- लक्षित वर्गहरुको उत्थानका लागि सशरित्तकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विपद् व्यवस्थापनका राष्ट्रिय रणनितिहरुलाई कार्यान्वयन गर्ने ।

**घिरिङ गाउँपालिका तनहुँको आ.व.२०७५/७६ का लागि देहायका क्षेत्रगत नीति कार्यक्रमहरु अवलम्वन गरिनेछ ।**

**पूर्वाधार विकास**

- गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको भौतिक पूर्वाधार विस्तारलाई पहिलो प्राथमिकता दिइनेछ ।
- दुई वा दुई भन्दा बढी वडाहरु जोड्ने सडक सञ्जाल लाई उच्च प्राथमिकता राखिनेछ ।
- कृष्ण मोटरमार्ग ,श्रृङ्गकाली,श्रृङ्ग तथा शालिकराम करिडोर लाई उच्च प्राथमिकतको सडक सञ्जालमा राखिनेछ ।
- वडा नं. १ र ४ उर्वर भूमिहरुको सिचाईलाई अगाडी वढाइनेछ ।
- नयाँ भवन तथा घर निर्माण गर्दा भवन निर्माण आचार संहिता पालना तथा अनिवार्य नक्सापास गरी भवन निर्माण कार्यमा जोड दिइनेछ ।
- उज्यालो घिरिङ अभियान अर्न्तगत प्रत्येक टोलबस्ती विद्युतिकरणको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको कार्यालयमा ,अन्य सरकारी कार्यालयहरुमा तथा विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँचलाई प्राथमिकतामा राखिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित होटल ,व्यापार व्यवसाय ,उद्योगधन्दाहरुलाई करको दायरा भित्र ल्याईनेछ ।
- कृषि र पशुपंक्षी उत्पादनलाई दोब्बर गर्नका लागि कृषिक्षेत्रको अल्पकालीन,मध्यमकालीन र दीर्घकालीन नीति, रणनीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- दुध ,अण्डा,माछा,मासु,सुन्तला कफी अदुवा र अलैंचीलाई उत्पादन बृद्धि गर्न संघ प्रदेश संग साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि तथा पशु उत्पादनका प्रविधि र उपजको गुणस्तर मापदण्ड तर्जुमा गरी नियमनको व्यवस्था गरिनेछ । संघ र प्रदेश संगको सहकार्यमा कृषकलाई बाली र पशुपंक्षी विमा गर्नका लागि प्रोत्साहित गरिनेछ ।
- स्थानीयस्तरको सिंचाई आयोजनाको पहिचान गरी निर्माणमा जोड दिइनेछ । नगदेवाली उत्पादनमा टेवा पुग्ने सिंचाई आयोजनालाई विशेष प्राथमिकता दिइनेछ । दक्षिणी भेगका टारमा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य उर्जा एवं आधुनिक प्रविधिमा आधारित सिंचाई प्रणालीको विकासमा जोड दिइनेछ ।
-

**आर्थिक विकास**

- जैविक र सांस्कृतिक विविधता एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यको पहिचान,विकास र सम्बर्द्धन गर्दै पर्यटन उद्योगको प्रवर्द्धन गरिनेछ । पदयात्रा, अवलोकन ,कृषि पर्यटन जस्ता कार्यक्रमलाई जोड दिइनेछ । पर्यटकीय आकर्षणका लागि विभिन्न साहसिक पर्यटकीय खेलको आयोजना गरिनेछ
- घिरिङकोट,गजरकोट तथा सामुङकोटमा पर्यटन प्रवद्धनका लागि भ्यू टावर निर्माण गरिनेछ ।
- थानीदेवी कालाभैरव ,शिवालय क्षेत्र लगायतका धार्मिक तिर्थस्थलहरुको संरक्षणका लागि जोड दिइनेछ ।
- पर्यटन व्यवसायको विविधिकरण र विस्तारबाट नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गर्दा पर्या-पर्यटन र ग्रामीण पर्यटनमा जोड दिइनेछ केही वस्ती तथा गाउँलाई नमूना पर्यटकीय गाउँको रुपमा विकास गरिनेछ ।

- स्थानीयस्तरमा  उत्पादित बस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता र प्रोत्साहन दिईनेछ ।
- नदिनाला ,तालतलैया डाँडा पाखा वनजंगल,जडीबुटी ,खनिज स्रोतको बहुआयामिक प्रयोग र दिगो व्यवस्थापन गर्दै उत्पादन बृद्धि, रोजगारी सिर्जना र आयआर्जन बृद्धिमा जोड दिईनेछ ।

- कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायिक तर्फ उन्मूख गराइनेछ ।कृषिको क्षेत्रको विकासमा महिला,दलित तथा विपन्न वर्गको पहुँच बढाइनेछ ।
- बैंकिङ प्रणाली मार्फत समाजिक सुरक्षा भत्ता वितरणलाई वडा सम्म पुर्‍याइनेछ ।
- गाउँपालिका भित्र मूख्य मूख्य स्थानहरुमा हाटवजारको व्यवस्था मिलाइनेछ ।
- आधुनिक पद्धतिवाट व्यावसायिक तरकारी तथा फलफूल खेती र पशुपानमा युवाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र सम्भाव्य स्थानमा होमस्टे अवधारण अगाडी बढाइनेछ ।
- मझौलातथा ठूला उद्योगहरु स्थापनाको सम्भाव्य क्षेत्र एकिन गरी आवश्यक प्रकृया अगाडी बढाइनेछ ।
- आर्थिक ,सामजिक ,शैक्षिक तथा सांस्कृतिक सशक्तिकरणमा जोडदिदै गाउँपालिका भित्रमा महिलाहरुको समान सहभागितामा जोड दिइनेछ ।

**<u>समाजिक विकास</u>**

- नेपालको संविधानले प्रदत्तगरेको आधारभूत तह सम्मको शिक्षा निशुल्क एवं अनिवार्य गराउन प्रस्तावित रुपमा सञ्चालित विद्यालयहरुलाई स्थलगत अनुगमनको प्रतिवेदन अनुसारको व्यवस्था मिलाइनेछ ।

- घिरिङ गाउँपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्न गाउँ शिक्षा गुरुयोजना तयार गरिनेछ ।
- चन्द्र ज्योति मा.वि तथा कृष्ण मा.वि प्राविधिक शिक्षालय सञ्चालनमा आवश्यक सम्भाव्यता अध्ययनका आधारमा पूर्वाधार तयार गरिनेछ ।
- विद्यालयको भौतिक सुविधा सुधार गर्दै गुणस्तरीय शिक्षामा जोड दिइनेछ ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको पहुँच अभिबृद्धि गर्न निरन्तर विद्यार्थी मूल्याङ्कनको लागतवापतको खर्च रकम गाउँपालिकाबाट सम्वन्धित विद्यालयहरुलाई अनुदान स्वरुप उपलब्ध गराइनेछ ।
- अत्यावश्यक सेवा तथा वस्तु सहज ,सुलभ र नियमित रुपमा उपलब्ध गराउन सार्वजनिक ,निजि तथा सहकारी क्षेत्रलाई सहभागी गराउँदै उपभोक्ता हित संरक्षण तथा प्रबर्द्धन गरिने व्यवस्था मिलाईनेछ ।

- गाउँपालिका क्षेत्रमा कम्तिमा १५ शैयाको अस्पताल ,एम्बुलेन्स सञ्चालनका लागि प्रदेश तथा केन्द्र सरकारमा आवश्यक पहल गरिनेछ ।
- घिरिङ ,गजरकोट ,साभुङ लगायतका स्वास्थ्य चौकीहरुमा वर्थिङ सेन्टर निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ साथै स्वास्थ्य इकाइमा आवश्यक जनशक्तिको व्यवस्था मिलाइनेछ ।
- खेलकुदको विकासका लागि गाउँपालिका भित्र सुविधासम्पन्न रङ्गशाला निर्माण पहल गरिनेछ ।
- स्वच्छ खानेपानीमा सबै जनताको पहुँच पुर्‍याउनका लागि एक घर एक धारा कार्यक्रम अगाडि बढाइनेछ ।
- **सफा गाउँपालिका हाम्रो रहर** नाराका साथ घिरिङ गाउँपालिका प्रत्येक टोल वस्ती पूर्ण सरसफाइयुक्त टोल घोषणा गर्न आवश्यक रकमको व्यवस्था मिलाइनेछ ।

- प्रत्येक वडामा कम्तिमा १० गरिव परिवारमा पहिचान गरी उनीहरुको लागि स्वास्थ्य विमा कार्यक्रम तथा खरको छानालाई विस्थापन गरी पाताको व्यवस्था मिलाइनेछ ।
- पानीका स्रोत नभएका ठाउँहरुमा खानेपानीका डिप वोरिङ तथा पम्पिङ आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

## वातावरण तथा विपद् व्यवस्थापन

- स्थानीय सरकारमा लगानी मैत्रि वातावरणको सिर्जना गरिनेछ । पर्यटन ,ऊर्जा ,कृषि,उद्योग र भौतिक पूर्वाधार विकासलाई आर्थिक समृद्धिको इन्जिनको रुपमा विकास गरिनेछ । साथै उच्च र तत्काल आर्थिक प्रतिफल प्राप्त हुने क्षेत्रमा निजि र सहकारी क्षेत्रको लगानिलाई प्रोत्साहित गरिनेछ । नेपाल सरकारको तथा प्रदेश सरकारको पूर्व स्वीकृतिमा प्राप्त हुने विकास सहायता र प्रत्यक्ष वैदेशिक लगानीलाई यस क्षेत्रमा उपयोग गरिनेछ ।

- विभिन्न प्रकारमा प्राकृतिक प्रकोपका कारणले धनजनको क्षतीका लागि राहत दिन विपद् व्यवस्थापन कोष स्थापना गरिने छ ।
- धार्मिक ,सांस्कृतिक ,ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलको संरक्षण र पूर्वाधारको विकास निर्माण गर्दा वातावरणीय संरक्षण गर्ने नीति लिईनेछ ।
- वन व्यवस्थापनको नीतिगत ,कानुनी र संरचनागत व्यवस्था मिलाइनेछ । कबुलियति र निजि वन विकास कार्यक्रमलाई व्यापक र सरल बनाईनेछ । वन संरक्षण दिगो व्यवस्थापन तथा उपयोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापनमा जोड दिईनेछ ।
- प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनको कानून र मापदण्डका आधारमा अनियन्त्रित र अवैध दोहनलाई नियन्त्रण र नियमन गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्र फोहोर मैला व्यवस्थापन गर्नका लागि टोलटोलमा फोहोर जलाउने खाडल तयार गरिनेछ ।
- विकास निर्माणको कारणले वातावरणमा पर्ने प्रभाव न्यूनिकरणमा पहल गरिनेछ ।
- सार्वजनिक स्थल ,पाखाक्षेत्रमा वृक्षारोपण हरियालिमा जोड दिइनेछ ।
- खानेपानी मुहानमा पानी रसाउने जातका विरुवा वृक्षारोपणमा प्रेरित गरिनेछ ।
- विपद् जोखिम क्षेत्रको नक्सा तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गर्न आवश्यक योजना तर्जुमा गरि लागू गरिनेछ ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना ,जोखिम  न्यूनिकरण कार्य योजना बनाई लागू गरिनेछ ।

**संस्थागत विकास,सेवा प्रवाह र शुसासन**

- गाउँपालिका तथा वडा कार्यालयमा नागरिकहरुलाई सूचनाको पहुँच पुर्‍याउन नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- स्थानीय सडकमा वर्षे भरी यातायात संचालन गर्न सडकको स्तरो उन्नति र सडक पुलको निर्माण लाई प्राथमिकता  दिईनेछ ।  दुर्गम गाउँ बस्तीमा पहुँच पुर्‍याउन  सानापुल कलबड निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिका का लागि आवश्यक कर्मचारी व्यवस्थापनका  लागि संघीय सरकारलाई अनुरोध गरिन्छ ।
- भूकम्पबाट क्षतिग्रस्त भएका निजि आवास र विद्यालयको भौतिक संरचनाको पुन निर्माणमा सहजीकरण गरिनेछ ।
- प्रदेशको सहकार्यमा भिमाद-बैंडी र देवघाट-बैंडी मोटर मार्ग कालोपत्रे गर्ने योजनालाई प्राथामिकतामा राखिनेछ । साथै गाउँपालिका पोखरीछाप बाट प्रत्येक वाड र टोल सम्म पुग्ने मोटर मार्गको स्तरउन्नति गरी ग्राबिल गरिनेछ ।

- गाउँपालिका भित्रका विभन्न विषयगत कार्यलयका लागि आवश्यक कर्मचारीहरुको व्यवस्थाका लागि संगठन व्यवस्थापन सर्भेक्षण गरिनेछ ।
- जनप्रतिनिधि  तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम सञ्चालन गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय  तथा वडा कार्यालयमा विद्युतिय हाजिरको व्यवस्था मिलाइने छ ।
- प्रत्येक वडामा घरहरुको संकेत गर्ने कार्य शरु गरिनेछ ।
- प्रत्येक वडा तथा गाउँपालिकामा चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिनेछ ।
- गाउँपालिकाको विकासका लागि निजी तथा गैर सरकारी क्षेत्रलाई र विकास साझेदार का रुपमा सहकार्य गरिनेछ ।
- सार्वजनिक खरिद प्रणाली लाई योजनावद्ध र विद्युतिय सूचना मैत्री वनाइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुमा अनिवार्य इन्टरनेट पहुँच पर्‍याइनेछ ।
- स्थानीय पन्जिकरण कार्यलाई अझव्यवस्थित बनाउदै सामाजिक भत्तावितरण कार्यलाई प्रविधिमैत्री बनाउने तथा बैंकिङ सेवालाई थप सहज बानाइनेछ ।
- स्थानीय स्तरमा विभिन्न किसिमका तथाङ्कहरु संकलनमा वडालाई थप सशक्त बनाइनेछ ।